# पाटन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पाटन, बैतडी

## *औषधि खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना*

सुचना नं. ०२-०७४/०७५

(प्रथम पटक प्रकाशित मितिः (२०७४।०९।३०)

**(पुनः दोस्रो पटक प्रकाशित मिति :२०७४।१२।०४)**

यस कार्यालय अन्तर्गत सम्पूर्ण स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क औषधी वितरण (वहिरंग उपचार सेवा कार्यक्रम) को लागी अत्याबश्यक औषधि खरिद गर्नु पर्ने भएकोले इच्छुक ईजाजत प्राप्त कम्पनी, फर्म तथा सप्लायर्सहरुबाट देहायका शर्तका अधिनमा रही सिलबन्दी बोलपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फाराम दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु ३,०००।- (अक्षरुपी तिन हजार मात्र) तिरी, पछि फिर्ता नहुने गरी यस कार्यालय बाट बोलपत्र खरिद गर्न सकिने छ।

२. बोलपत्र खरिदका लागि रु ३००० । तिरेको सक्कलै रसिद, आ.व.०७४/७५ का लागि नविकरण भएको फर्म ,कम्पनी दर्ता, औषधी ब्यवसायी दर्ता , स्थायी लेखा नम्बर । मु.अ.कर दर्ता, आ.व.०७३।०७४ को कर चुक्तागरेको, प्रमाणपत्रका प्रमाणित प्रतिलिपी , खरीद कार्वाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयवाट बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ।

३. खरिद गरेको बोलपत्रमा भर्नुपर्ने सबै महल प्रष्ट सफा,शुद्ध संग (केरमेट नगरी ) लेखि, सप्लार्यसको प्रस्ट देखिने छाप लगाई रितपूर्वक भरी बोलपत्र खरिदका लागि रु ३००० । तिरेको सक्कलै रसिद, आ.व.०७४/७५ का लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यवसायी दर्ता प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र ,स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र , आ.व.०७३।०७४ को कर चुक्ताको प्रमाणपत्र र गत ३ आ.ब.को लेखापरिक्षण प्रतिबेदन, लगायत आबश्यक कागजातका प्रमाणित प्रतिलिपी, आपुर्ती गरिने औषधी उत्पादक कम्पनीका Authorization letter (यस कार्यालय लाई सप्लाई गरिने कम्पनी मध्ये कम्तिमा पनि ५० प्रतिशत कम्पनीको ) पेश गर्नुपर्ने, खरीद कार्वाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन,तोकीएको धरौटी रकम खुल्ने सक्कलै कागजात हरु सहित सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ः बजेभित्र पाटन नगरपालिका,नगरकार्यपालिकाको कार्यालय पाटन बैतडीमा सिलबन्दी बोलपत्र दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पाटन नरगपालिका नगरकार्यपालिकाको कार्यालय पाटन बैतडीमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

४. सिलवन्दी बोल-पत्र साथ धरौटी वापतको रकम रा.बा.बैंक बैतडी शाखाको धरौटी खाता नं. ४०५०३०३००७१०२ मा जम्मा गरेको सक्कलै बैकं भौचर वा यस कार्यालयको नाममा जारी गरीएको बोलपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तीमा ९० (नब्बे) दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैकंबाट जारी भएको बैकं ग्यारेन्टी -विडवण्ड) को सक्कलै प्रति पेश गर्नु पर्नेछ।

५. बोलपत्र खोल्ने र बिक्रि गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

६. म्याद नाघी र रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक, स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८)विश्व स्वास्थ्य संगठनको कुशल उत्पादक प्रक्रिया भएको प्रमाणित प्रमाणपत्र भएको (WHO-GMP Certified) उत्पादनकर्ताबाट उत्पादित औषधी मात्र सप्लाई गर्नुपर्नेछ । सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सिलबन्दी बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

९) बोलपत्र दाताले बोलपत्रमा भएको BOQ फाराम भर्न अघि बोलपत्रमा भएको बोलपत्रदाता लाई दिईएको निर्देशन अनिवार्य रुपमा अध्ययन गरी सोही बमोजिम भर्नु पर्ने छ ।

१०). यस सम्बन्धि विस्तृत जानकारीको लागि बोलपत्र फाराम (Bid Document),अध्ययन गर्न हुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालयको फोन नं. ९८५८७२२१११ मा कार्यालय समय भित्र,सम्पर्क गर्न सकिने छ ।

९). यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल ऐन नियम कानुन बमोजिम हुनेछ ।

**तपसिल:**

| सि.नं. | ठेक्का न. | विवरण | धरौटी वा बैक जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | **PM/NCB को बोलपत्रं.०२ ।०७४।०७५** | **अत्यावश्यक औषधी खरिद** | १००,०००। | |